## प्रश्न नं. ४०

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं. ४७५८ देखि ४८७९ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

भिमबहादुर श्रेष्ठको जाहेरीले नेपाल सरकार

बिरुद्ध

सुर्खेत जिल्ला विरेन्द्रनगर न.पा. वडा नं. १ बस्ने पदबहादुर क्षेष्ठ

मुद्दाः-ज्यान सम्वन्धी कसूर

१. २०७५।८।१ गतेका दिन अन्दाजी बेलुका ७:३० बजेको समयमा मेरो भाई वर्ष २१ को समिर श्रेष्ठलाई घरमा बसीरहेका बखत सुर्खेत जिल्ला विरेन्द्रनगर न.पा. वडा नं.१० बस्ने पदम बहादुर श्रेष्ठले मोवाईलबाट फोन गरी बोलाई घनश्याम श्रेष्ठ समेतका व्यक्तिले चक्कु प्रहार गरेको कारण देउती नसिङ्ग होममा उपचार हुँदा हुँदै मृत्यु भएको हुँदा पदम बहादुर श्रेष्ठ र घनश्याम श्रेष्ठलाई कर्तव्य ज्यान मुद्दामा कारबाही गरी हदै सम्मको सजाय गरी पाउँ भन्ने समेत व्यहोराको भिम बहादुर श्रेष्ठलेजिल्ला प्रहरी कार्यालय सुर्खेतमा दिएको जाहेरी दरखास्त ।

२. भिम बहादुर श्रेष्ठको घरबाट अन्दाजी १० मिटर पश्चिममा समिर श्रेष्ठलाई सख्त घाईते बनाएको उक्त स्थानमा रगत थोपा भै सुकेको भन्ने घटनास्थल मुचुल्का

३. समिर श्रेष्ठको टाउको पछाडी बाँया छाती तथा कोखमा धारिलो हतियार प्रहार भएको भन्नेलासजाँच मुचुल्का ।

४. मृत्युको कारण shock and hemorrhage as a result of strobe injury to left lung left atrium of the heart and splash भन्ने उल्लेख भएको पोष्ट मार्टम रिपोर्ट ।

५. जगत प्याकुरेल र घनश्याम श्रेत्रीले मौकामा गरेको कागज

६. अभियुक्त पदम बहादुर श्रेष्ठ र घनश्याम श्रेष्ठले अनुसन्धान अधिकारी समक्ष गरेको साविती बयान ।

७. समिर श्रेष्ठलाई पदम बहादुर श्रेष्ठ र घनश्याम श्रेष्ठले कर्तव्य गरी मारेको हुँदा मुलुकी फौजदारी संहिता २०७४ को परिच्छेद १२ को दफा १७७ को कसुरमा ऐ. दफा १७८ बमोजिम सजाय गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग पत्र ।

८. प्रतिवादीहरुको अदालतमा ईन्कारी बयान

९. सुर्खेत जिल्ला अदालतबाट भएको फैसला

१०. उच्च अदालत सुर्खेतमा प्रस्तुत गरेको पुनरावेदन पत्र